म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २४८ २०८० साउन १८ गते बिहीबार 3 Agust 2023, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

## मकवानपुरका स्थानीय तहको आन्तरिक आम्दानी एक अर्ब भन्दा बढी

रामकृष्ण घोरासाइनी

हेटौंडाः मकवानपुरका स्थानीय तहको आन्तरिक आम्दानी एक अर्ब भन्दा बढी रहेको पाइएको छ । आर्थिक वर्ष २०७९/८० मा मकवानपुरका स्थानीय तहमा एक अर्ब ४ करोड ३३ लाख ५३ हजार रुपैयाँ आन्तरिक राजश्व आम्दानी गरेको छ । हेटौँडा उपमहानगरपालिकाले आर्थिक वर्ष २०७९/८० मा ३१ करोड ३२ लाख ९२ हजार रुपैयाँ राजश्व संकलन गरेको छ । पालिकाले आर्थिक वर्ष २०७८/७९ मा ढुङ्गाबाट ३० करोड ७५ लाख ३९ हजार रुपैयाँ राजश्व आम्दानी गरेको थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा ५७ लाख ५२ हजार रुपैयाँ बढी आम्दानी गरेको छ ।

पालिकाले गिट्टी बालुवा बिक्रीबाट १७ लाख ४३ हजार, सार्वजनिक शौचालयबाट ४५ लाख १ हजार रुपैयाँ, भूमिगत ढल सेवा शुल्क ५९ हजार, कवाडी संकलन तथा बिक्री बापत ७३ लाख ३ हजार रुपैयाँ, शिक्षा क्षेत्रको आम्दानी ४ लाख ९५ हजार रुपैयाँ, नक्सापास दस्तुर १ करोड ११ लाख ५९ हजार रुपैयाँ, सिफारिश दस्तुर वापत ३ करोड १५ लाख २३ हजार रुपैयाँ, व्यक्तिगत घटना दर्ता दस्तुर १४ लाख ४५ हजार रुपैयाँ आम्दानी गरेको छ ।

प्रशासनिक दण्ड, जरिवाना र जफतबाट ९६ लाख ६३ हजार रुपैयाँ आम्दानी गरेको हेटौँडा उपमहानगर पालिकाले सम्पत्ति कर वापत ६ करोड ४४ लाख ११ हजार रुपैयाँ आम्दानी गरेको छ । घरवाहाल कर ४ करोड ९० लाख ४५ हजार रुपैयाँ, बहाल बिटौरी कर २ करोड ४० लाख ९८ हजार रुपैयाँ, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर ४ करोड ७३ लाख ७४ हजार रुपैयाँ, बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर ३६ लाख ३९ हजार रुपैयाँ, व्यवसायीले भुक्तानी गर्ने कर १ करोड ७५ लाख ७२ हजार ३ सय ४४, ढुङ्ग गिट्टी बालुवा संकलन शुल्क २ करोड ६३ लाख १९ हजार रुपैयाँ आम्दानी गरेको छ ।

यस्तै, थाहामा नगरपालिकामा गत आर्थिक वर्ष २०७९/८० मा ५ करोड ६४ लाख १७ हजार रुपैयाँ राजस्व आम्दानी भएको छ । पालिकाले ढुङ्गा, गिट्टीबाट १ करोड ६६ लाख रुपैयाँ आम्दानी गरेको छ । प्रशासनिक तर्फ एकीकृत सम्पत्ति कर ६४ लाख १३ हजार रुपैयाँ, भूमि कर १ करोड १ लाख १६ हजार रुपैयाँ, घर बहालबाट १८ लाख ४९ हजार रुपैयाँ, बहाल बिटौरी कर (जग्गा अतिक्रमण गरी प्रयोग गरेको जग्गाको कर) बापत ३ लाख १ हजार रुपैयाँ, पर्यटन शुल्क वापत २१ लाख ६७ हजार रुपैयाँ, नक्सपास दस्तुर वापत २ लाख १२ हजार रुपैयाँ, सिफारिस दस्तुर ३८ लाख ५३ हजार रुपैयाँ, व्यवसाय कर २५ लाख ७२ हजार रुपैयाँ, अन्य आय शीर्षकमा ८४ लाख ७९ हजार रुपैयाँ र अन्य बिक्रीबाट ३८ लाख १३ हजार रुपैयाँ राजस्व आम्दानी गरेको छ । थाहा नगरपालिकामा गत वर्षको तुलनामा राजस्व घटेको देखिन्छ ।

यस्तै, भीमफेदी गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा २ करोड ६४ लाख रुपैयाँ राजश्व आम्दानी गरेको छ । पालिकाले भूमि कर वापत १३ लाख ७९ हजार रुपैयाँ, घरवहाल वापत ४ लाख ९४ हजार रुपैयाँ, पूर्वाधार सेवा उपयोग कर १ लाख रुपैयाँ, स्थानीय विकास शुल्क २१ लाख ३२ हजार रुपैयाँ, सिफारिस दस्तुर २५ लाख ३० हजार रुपैयाँ, व्यक्तिगत घटना दर्ता २ लाख ५० हजार रुपैयाँ, व्यवसाय रजिष्ट्रेशन दस्तुर वापत ७९ हजार रुपैयाँ, सम्पत्ति कर ६ लाख ६९ हजार रुपैयाँ, बहाल विटौरी २४ हजार रुपैयाँ, सरकारी सम्पत्तिको बहाल प्राप्त कर १ लाख ९१ हजार रुपैयाँ, प्रशासनिक सेवा शुल्क वापत ३ लाख १७ हजार रुपैयाँ, अन्य क्षेत्रको आय १ लाख २६ हजार रुपैयाँ र ढुङ्गा गिटी बालुवाबाट १ करोड ५२ लाख रुपैयाँ राजश्व संकलन भएको छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा पालिकाले २ करोड ५४ लाख ७६ हजार रुपैयाँ राजस्व संकलन गरेको थियो ।

यस्तै, कैलाश गाउँपालिकामा १ करोड १५ लाख बराबरको राजश्व आम्दानी भएको छ । गत आर्थिक वर्ष २०७९/८० मा पालिकाले १ करोड १४ लाख ८२ हजार रुपैयाँ राजश्व आम्दानी गरेको हो । पालिकाले प्रशासनिकतर्फ सम्पत्ति कर वापत ११ लाख ८ हजार रुपैयाँ, मालपोत कर १ लाख ७९ हजार रुपैयाँ, घरबाहाल कर वापत २३ हजार रुपैयाँ, परीक्षा शुल्क वापत २३ हजार रुपैयाँ, सिफारिस शुल्क ४ लाख ३८ हजार रुपैयाँ, व्यक्तिगत घटना दर्ता दस्तुर २ लाख ८ हजार रुपैयाँ, प्रशासकीय सेवा शुल्क ६ लाख ४ हजार रुपैयाँ, नाता प्रमाणित दस्तुर १ लाख ८० हजार रुपैयाँ, अन्य दस्तुर ४ लाख २ हजार रुपैयाँ, प्रशासनिक दण्ड जरिवाना वापत ६ लाख ४३ हजार रुपैयाँ, अन्य राजश्व वापत १७ लाख ९१ हजार रुपैयाँ गरी ५६ लाख ६९ हजार रुपैयाँ राजश्व संकलन गरेको छ । यस्तै, पालिकाले ढुङ्गा गिट्टीबाट ५८ लाख २८ हजार रुपैयाँ राजश्व संकलन गरेको छ । गत आर्थिक वर्ष २०७८/७९ मा पालिकामा १ करोड ४५ लाख १४ हजार रुपैयाँ राजस्व संकलन भएको थियो । अघिल्लो वर्षको तुलनामा राजश्व आम्दानी घटेको छ ।

बकैया गाउँपालिकाले दहत्तर बहत्तर (ढुङ्गा, गिटी, बालुवा) जस्ता प्राकृतिक स्रोतबाट ८ करोड १ लाख ६४ हजार रुपैयाँ रकम राजश्व आम्दानी गरेको छ । पालिकाले सम्पत्ति तथा बहाल कर वापत १ लाख ९८ हजार रुपैयाँ, भूमि तथा मालपोत कर वापत १३ लाख ४८ हजार रुपैयाँ, घरबहाल कर ५ लाख ३५ हजार रुपैयाँ, अन्य आय ३ लाख ४४ हजार रुपैयाँ, नक्सा पास १ लाख २४ हजार रुपैयाँ, सिफारिस कर १० लाख ७० हजार रुपैयाँ र व्यक्तिगत घटना दर्ता शूल्कबाट ५ लाख २४ हजार रुपैयाँ गरी जम्मा ८ करोड ५१ लाख ७१ हजार रुपैयाँ आम्दानी गरेको छ ।

बागमती गाउँपालिकाले दहत्तर बहत्तरबाट १ करोड २९ लाख ४५ हजार रुपैयाँ आम्दानी गरेको छ । पालिकाले प्रशासनिकतर्फ सम्पत्ति बहाल तथा पट्टामा लाग्ने कर १ लाख ७४ हजार रुपैयाँ, भूमि तथा मालपोत कर २ लाख ४७ हजार रुपैयाँ, घरबहाल कर १ लाख ९२ हजार रुपैयाँ, नक्सापास दस्तुर १५ हजार रुपैयाँ, सिफारिस दस्तुर ३ लाख ८१ हजार रुपैयाँ, व्यक्तिगत घटना दर्ता दस्तुर २ लाख ५० हजार रुपैयाँ, नाता प्रमाणित दस्तुरबाट २३ हजार रुपैयाँ, अन्य दस्तुरबाट १ लाख ३८ हजार रुपैयाँ, व्यवसाय रजिष्ट्रेशनबाट १ लाख ८८ हजार रुपैयाँ, अन्य राजश्व १ लाख ८८ हजार रुपैयाँ गरी जम्मा २२ लाख ३ हजार रुपैयाँ राजश्व आम्दानी गरेको छ ।

ईन्द्रसरोवर गाउँपालिकाले प्रशासनिकतर्फ सम्पत्ति बहाल तथा पट्टा बापत ८६ हजार रुपैयाँ, भूमि तथा मालपोत कर ११ लाख ४५ हजार रुपैयाँ, घरबहाल कर ७५ हजार रुपैयाँ, नक्सापास दस्तुर २ लाख ८२ हजार रुपैयाँ, सिफारिस दस्तुर ७ लाख ९७ हजार रुपैयाँ, व्यक्तिगत घटना दर्ता दस्तुर एक लाख ६२ हजार रुपैयाँ, व्यावसायिक करबाट ७ लाख ५४ हजार रुपैयाँ, अन्य प्रशासनिक सेवा शुल्कबाट ३ लाख ९५ हजार रुपैयाँ, न्यायिक दण्ड जरिवाना जफतबाट ३८ हजार रुपैयाँ, अन्य राजश्व ३९ लाख ६९ हजार रुपैयाँ गरी जम्मा ७७ लाख ७ हजार रुपैयाँ राजश्व आम्दानी गरेको छ । पालिकाले दहत्तर बहत्तरबाट २ करोड २३ लाख ४४ हजार रुपैयाँ आम्दानी गरेको छ ।

राक्सिराङ गाउँपालिकाले दहत्तर बहत्तरबाट ३ करोड ६ लाख १५ हजार रुपैयाँ राजस्व आम्दानी गरेको छ । प्रशासनिकतर्फ पालिकाले सम्पत्ति कर ५ हजार रुपैयाँ, मालपोत कर ८ लाख २६ हजार रुपैयाँ, घरबहाल कर ९ लाख ३७ हजार रुपैयाँ, अन्य कर ५७ हजार रुपैयाँ, सरकारी सम्पत्तिको बहाल वापत ८९ हजार रुपैयाँ, परीक्षा शुल्क ६५ हजार रुपैयाँ, अन्य प्रशासनिक सेवा शुल्क १ लाख ८७ हजार रुपैयाँ, सिफारिस दस्तुर ४ लाख ४५ हजार रुपैयाँ, अन्य क्षेत्रको आय १२ लाख १२ हजार रुपैयाँ, न्यायिक दण्ड जरिवानाबाट २ लाख ७३ हजार रुपैयाँ र प्रशासनिक दण्ड जरिवाना जफतबाट ६२ लाख ६८ हजार रुपैयाँ गरी ९ करोड ९ लाख ४० हजार रुपैयाँ राजश्व आम्दानी गरेको छ ।

मकवानपुरगढी गाउँपालिकाले दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय ४ करोड २२ लाख ७८ हजार रुपैयाँ रहेको छ । यस्तै प्रशासनिक तर्फ एकीकृत सम्पत्ति कर २ लाख ९ हजार रुपैयाँ, भूमिकर २ लाख ३४ हजार रुपैयाँ, मनोरञ्जन कर २ लाख रुपैयाँ, अन्य आय स्रोत ३४ लाख ९२ हजार रुपैयाँ, पर्यटन शुल्क ४० हजार रुपैयाँ, अन्य बिक्रीबाट प्राप्त रकम ५ लाख १२ हजार रुपैयाँ, नक्सापास दस्तुरबाट ४ लाख १६ हजार रुपैयाँ, प्रशासनिक दण्ड जरिवाना र जफत वापत २५ लाख ५८ हजार रुपैयाँ, प्रदुषण नियन्त्रण शुल्क ८० लाख रुपैयाँ, व्यवसाय कर ६ लाख ४५ हजार रुपैयाँ गरी पालिकाले एक करोड ५४ लाख ५८ हजार रुपैयाँ आम्दानी गरेको छ ।

यस्तै, मनहरी गाउँपालिकाले आन्तरिक राजश्व अन्तर्गत दहत्तर बहत्तरबाट १८ करोड १५ लाख ३४ हजार रुपैयाँ आम्दानी गरेको छ । पालिकाले प्रशासनिक तर्फ घरजग्गा रजिष्ट्रेशन अन्तर्गत १ करोड ६१ लाख ४४ हजार रुपैयाँ, मूल्य अभिवृद्धि करबाट ८ करोड ५७ लाख रुपैयाँ, सवारी साधन करबाट २ करोड २४ लाख १५ हजार रुपैयाँ, वन रोयल्टीबाट ६१ लाख ६३ हजार रुपैयाँ, एकीकृत सम्पत्ति करबाट ३३ हजार रुपैयाँ, मालपोत करबाट ३४ लाख ४० हजार रुपैयाँ, घरबहाल करबाट १८ लाख ८० हजार रुपैयाँ, बाल विटौरी कर २ लाख ४४ हजार रुपैयाँ, नक्सा पास दस्तुर ९ लाख ३५ हजार रुपैयाँ, सिफारिस दस्तुर ३३ लाख ५६ हजार रुपैयाँ, व्यक्तिगत घटना दर्ता दस्तुर ३ लाख २२ हजार रुपैयाँ, प्रशासनिक दण्ड जरिवाना ७० लाख ९३ हजार रुपैयाँ, प्रदुषण नियन्त्रण वापत ४२ लाख १८ हजार रुपैयाँ गरी ३३ करोड ५० लाख ६ हजार रुपैयाँ आम्दानी गरेको छ ।

## हेटौँडा अस्पतालको फार्मेसीबाट ११ करोडको औषधी विक्री



*हेटौँडा अस्पतालमा औषधी लिनेको भीड ।*

आरजु सत्याल

हेटौँडाः आर्थिक वर्ष २०७९/८० मा हेटौँडा अस्पतालको फार्मेसीबाट ११ करोड १८ लाख ७८ हजार रुपैयाँ बराबरको औषधी विक्री भएको छ । अघिल्लो आर्थिक वर्षको तुलना हेटौँडा अस्पतालको फार्मेसीबाट झण्डै दुइगुणा बढी औषधी विक्री भएको छ । आर्थिक वर्ष २०७८/७९ मा हेटौँडा अस्पतालको फार्मेसीबाट ६ करोड ५३ लाख ३३ हजार रुपैयाँ बराबरको औषधी विक्री भएको थियो ।

आर्थिक वर्ष २०७९/८० मा अस्पतालले ५ करोड ५५ लाख ३४ हजार रुपैयाँ बराबरको औषधी खरिद गरेको छ भने आर्थिक वर्ष २०७८/०७९ मा ३ करोड ७४ लाख ५४ हजार रुपैयाँ बराबरको औषधी खरिद गरेको अस्पतालले जनाएको छ । अस्पतालको फार्मेसीले विक्री गर्ने औषधीको ठूलो हिस्सा स्वास्थ्य बीमामा संलग्न सेवाग्राहीको नाममा रहने गरेको हेटौँडा अस्पतालका फार्मेसी इन्चार्ज डा. कौशल कुमार गुप्ताले जानकारी दिनुभएको छ ।

आर्थिक वर्ष २०७९/८० मा स्वास्थ्य बीमामा आवद्ध सेवाग्राहीले ८ करोड ९२ लाख ५६ हजार रुपैयाँ बराबरको औषधी खरिद गरेका छन् भने आर्थिक वर्ष २०७८/७९ मा ५ करोड ७ लाख २४ हजार रुपैयाँ बराबरको औषधी स्वास्थ्य बीमाका लाभग्राहीले खरिद गरेको डा. गुप्ताले बताउनुभयो । स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध सेवाग्राहीको चापकै कारण हेटौँडा अस्पतालमा अहिले दैनिक करिब एक हजारले सेवा लिइरहेका छन् । बीमा कार्यक्रमका लाभग्राहीले उपचार र औषधी दुबैतर्फ सुविधा प्राप्त गर्ने भएकोले सेवाग्राहीको चाप बढेको हो ।

हेटौँडा अस्पतालले विभिन्न ५ वटा कम्पनिसँग औषधी खरिद गर्ने गरेको छ । अस्पतालले टेण्डरमार्फत औषधी खरिद गर्ने गरेको छ । हेटौँडा अस्पतालको फार्मेसीमा सातौं तहका ८ जना कर्मचारीको दर बन्दीअनुसार काम गरिरहेका छन् भने ६ जना कर्मचारीले अहिले स्वयंसेवकको रुपमा काम गरिरहेका छन् ।

फार्मेसीबाट धेरै बिरामीहरुले कार्डियो, डाइबेटिज, संक्रामक रोग र शल्यक्रिया गर्ने बेलामा प्रयोग हुने औषधी खरिद गर्ने गरेका छन् । डा. गुप्ताका अनुसार अस्पतालमा उपलब्ध नहुने औषधी सेवाग्राहीले अस्पतालभन्दा बाहिरका फार्मेसीबाट खरिद गरेर ल्याउने गरेका छन् । अस्पतालको फार्मेसीमा बेलाबेलामा कुनै औषधी सकिएर सेवाग्राहीलाई अस्पताल बाहिर पठाउन बाध्य हुने डा. गुप्ताको भनाइ छ ।

## हेटौँडा अस्पताललाई १३० जना करार कर्मचारी दिने प्रदेश सरकारको निर्णय

समाज संवाददाता

हेटौँडाः प्रदेश सरकारमातहतको हेटौँडा अस्पताललाई प्रदेश सरकारले १ सय ३० जना करार कर्मचारी दिने निर्णय गरेको छ । अस्पतालको माग अनुसार स्वास्थ्य मन्त्रालयले प्रस्ताव पेश गरेपछि आइतबारको मन्त्री परिषद्बाट अस्पताललाई करार कर्मचारी दिने निर्णय भएको हो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमातहतको हेटौँडा अस्पतालमा यसअघि प्रदेश सरकारले बजेट कटौति गरको थियो ।

बजेट कटौति भएपछि प्रतिष्ठान मातहतका २ सय १४ जना कर्मचारी साउन १ गतेदेखि पदमुक्त भएका थिए । ति कर्मचारीहरु कोहि भोलिनटेयरमा काम गर्दै छन् भने कोहि काम गर्न छाडेका छन् । यता अस्पतालको माग बमोजिम अस्पतालले कर्मचारीका लागि ५ करोड बजेट विनियोजन गरिसकेको थियो । मन्त्री परिषद्बाट करारका कर्मचारी नियुक्तिका लागि स्वीकृति दिने निर्णय भएको पत्र स्वास्थ्य मन्त्रालमा पुगिसकेको बताइएको छ ।

अस्पतालले मेडिकल अधिकृत १५ जना, नर्स ४५ जना, सुरक्षागार्ड ११ जना, अस्पताल सरसफाईमा ११ जना, कम्प्युटर अपरेटर ८ जना, होमियोपेथिकमा १ जना, रेडियोग्राफि टेक्नोलोजिस्टमा ४ जना, माइक्रो बायोलोजिस्ट १ जना, हेल्थ असिस्टेन्ड १० जना, ल्याव टेक्निसियन ७ जना, फार्मेसी सहायक ८ जना, रेडियोग्राफर ५ जना, एनेस्थेटिक सहायक २ जना, मेडिकल रेकर्ड सुपरभाइजर २ जना गरी १ सय ३० जना कर्मचारीको मागअनुसार प्रदेश सरकारले करारमा कर्मचारी भर्नाका लागि स्वीकृति दिएको हो ।

अस्पतालमा एक महिनाभित्र कर्मचारीको पदपूर्ति हुने स्रोतले जनाएको छ । हेटौँडा अस्पतालका मेडिकल सुपरिटेन्डन्ट डा. रामचन्द्र सापकोटाले मन्त्रिपरिषद्बाट स्वीकृत करार दरबन्दीका जनशक्ति छिट्टै नियुक्त गरिने जानकारी दिनुभएको छ । पछिल्लो समय हेटौँडा अस्पतालको सेवा विस्तार हुँदै आएको छ ।



# सम्पादकीय

## डेंगु संक्रमणबाट बचौं

अहिले वर्षाको समय छ । वर्षाको समयलाई आम मानिसको जनजीवनको हिसाबले असहज मानिन्छ । वर्षामा लगातार पर्ने पानीले जनजीवन प्रभावित हुन्छ । जतातातै हिलो, चिप्लो भएपछि मानिसको दैनिक क्रियाकलापमा समेत प्रभाव पर्दछ । वर्षाकै कारण हुने बाढी, पहिरो, डुबान, कटान आदि प्राकृतिक प्रकोपको जोखिम छँदैछ । वर्षाको समय डेंगु संक्रमणको जोखिम हुने भएकाले अर्को त्रास थपिएको छ । पछिल्ला केही वर्षदेखि वर्षाको समयबाट डेंगु संक्रमण महामारीकै रुपमा देशव्यापी हुने गरेका कारण यसले धेरैलाई सताइरहेको छ । डेंगु संक्रमणकै कारण कयौं मानिसले ज्यान गुमाउनु परेको छ भने धेरैले दुःख, कष्ट सहनुपरेको छ । यसवर्ष पनि पूर्वी नेपालको धरानलगायत देशका विभिन्न भागमा डेंगु संक्रमणले महामारीको रुप लिन थालेपछि यसको संक्रमणबाट बच्न चासो र चिन्ता बढेको छ । विभिन्न तहका सरकारले पनि डेंगु संक्रमणबाट बच्न सचेतनामूलक कार्यक्रमसँगै अन्य रोकथामको प्रयास र संक्रमितहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न पूर्वतयारीको कामहरु सुरु गरिसकेको छ ।

डेंगु रोग एक प्रजातिको लामखुट्टेको टोकाइबाट हुने सरुवा रोग हो । यो रोग एडिज एजिप्टाई र एडिज अल्वोपिक्ट्स जातको पोथी लामखुट्टेबाट सर्छ, जसले दिउँसो (उज्यालोमा)मात्र टोक्छ । डेंगु रोग डेंगु भाइरसका कारणले हुने गर्दछ । नेपालमा सन् २००४ मा डेंगुको पहिलो बिरामी पत्ता लागेको थियो । सन् २००६ मा चितवनमा डेंगुका रोगीहरु भेटिएका थिए । डेंगु संक्रमित भेटिएको करिब दुई दशकको अवधिमा यसको संक्रमण निकै तिब्र गतिमा भइरहेको छ । चार वर्ष अघि (२०७६ सालमा) महामारीको रुपमा देशव्यापी डेंगु संक्रमण फैलिएपछि यसको बारेमा धेरैले थाहा पाएका हुन् । त्यसपछिका दुई वर्ष कोभिड-१९ को महामारीले डेंगु संक्रमणलाई ओझेलमा पारेको भए पनि गत वर्ष यसको संक्रमणले थप व्यापकता पायो । साउनदेखि मंसिर-पुससम्म नै देशव्यापीरुपमा डेंगुको संक्रमण देखियो । लाखौं नेपालीहरु संक्रमित भए भने डेंगुकै कारण केहीको ज्यानसमेत गयो ।

सामान्यतया: वर्षामा जतातातै पानी जम्ने भएकाले लामखुट्टेलाई अण्डा पारेर सन्तान वृद्धि गर्न सहज हुने गर्दछ । वर्षाको समयमा जमेको पानी र नियमित पानी जम्ने सामग्रीहरुबाट डेंगु संक्रमण फैलने गरेको छ । डेंगु रोगको हालसम्म कुनै उपचार छैन । दशकौंदेखि डेंगु संक्रमण बढ्दै जाँदा विश्व स्वास्थ्य संगठनले यसलाई महामारीको रुपमा मान्यता दिएको छ । विश्वका झण्डै आधा जनसंख्या यसबाट प्रभावित हुने गरेको भए पनि हालसम्म यसको औषधी तथा उपचार विधि तयार भएको छैन । विश्व स्वास्थ्य संगठनले सन् २०१६ बाट ९ देखि ४५ वर्षसम्मका डेंगु संक्रमितका लागि भनेर तयार पारेको खोप पनि त्यति प्रभावकारी नपाइएको बताइएको छ । लामखुट्टेको टोकाइबाट मात्र डेंगु सर्ने भएकाले यसको रोकथामको सबैभन्दा प्रभावकारी उपाय भनेकै लामखु बाट बच्ने हो । यो रोग सार्ने लामखुट्टे ग्रामीण भेगमा भन्दा शहरी भेगमा बढी पाइने गरेको छ ।

डेंगु संक्रमण हुँदा लामो समयसम्म उच्च ज्वरो आउने, टाउको/ढाड/जोर्नी दुख्ने, शरीरमा बिमिरा आउने, रक्तचाप घट्ने, विभिन्न भागबाट रगत आउनेजस्ता लक्षणहरु देखा पर्छन् । यसको संक्रमण हुन नदिन घर वरिपरि सरसफाइ गर्ने, सुत्दा झुलको प्रयोग गर्ने, लामो बाउला भएको लुगा लगाउने, घरका झ्याल एवम् ढोकामा जाली लगाउने गर्नु पर्छ । डेंगु संक्रमणको सम्भावना रहेका क्षेत्रमा आवश्यक सचेतना प्रदान गर्नुका साथै लामखुट्टे र यसको बासस्थान खोजी गरी नष्ट गर्नु सबैभन्दा प्रभावकारी हुनेछ । विगतका वर्षहरुमा पनि डेंगु संक्रमणले महामारीको रुप लिएको हुँदा यस वर्ष त्यस्तो अवस्था आउन नदिन समयमै तीनै तहको सरकारले प्रभावकारी काम गर्नु आवश्यक छ । डेंगु फैलाउने लामखुट्टेको बासस्थान नष्ट गरेर यसको टोकाइबाट बच्न सचेतना दिँदादिँदै पनि डेंगु संक्रमण फैलिएमा हुनसक्ने समस्या समाधानका लागि पर्याप्त पूर्वतयारी हुनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भेटघाट र पारिवारीक मिलन हुने समय छ ।
**वृष** : व्यवस्थापकीय क्षमताको उपयोग हुने समय छ ।
**मिथुन** : सामाजिक र धार्मिक काममा दौडधूप होला ।
**कर्कट** : कल्पना र भावनामा रमाइने योग छ ।
**सिंह** : आत्मीय मित्रको स्वास्थ्यमा समस्या आउँला ।
**कन्या** : अध्ययन–अध्यापनको काम मध्यमकारक छ ।
**तुला** : शिक्षा–दीक्षाका काममा प्रसिद्धि प्राप्त होला ।
**वृश्चिक** : पढाई– लेखाईमा त्यति मन नजाला ।
**धनु** : मर्यादा र मानप्रति सचेतता अपनाउनुपर्ला ।
**मकर** : बौद्धिक र ज्ञाननिष्ठ क्षेत्रमा सरिक भइने छ ।
**कुम्भ** : धार्मिक तथा समाज सेवाका काममा सरिक ।
**मीन** : व्यापार– व्यवसाय मध्यमकारक नै रहला ।

# संघीय कृषि ऐनको प्रस्ताव कस्तो छ ?



डा. कृष्ण पौडेल




नेपालको संविधानले तीन तहको सरकारका लागि एकल र साझा अधिकारको व्यवस्था गरेसँगै सबै सरकारले सञ्चालनका लागि आवश्यक कानुन बनाउने स्वाभाविक प्रयास गरिरहेका छन् । यसै सन्दर्भमा ढिलै भए पनि संघीय कृषि मन्त्रालयले एकीकृत कृषि ऐन आवश्यकताको बोध गरी यसको चर्चा गर्न थालेको लामो समय भइसक्यो । केही महिनाअघि एकीकृत कृषि ऐनका नाममा परम्परागत कृषि व्यवसाय प्रवर्द्धन ऐनको मस्यौदा बन्दै गरेको चर्चा समेत चुलिएको थियो ।

यसै हप्ता भएको एक कार्यक्रममा मन्त्रालयका तर्फबाट कृषि ऐनको मस्यौदा भन्दै यही व्यवसाय प्रवर्द्धनको प्रस्तावलाई संघीय ऐनको मस्यौदा भन्दै पुनः प्रस्तुत गरियो । कृषि विधेयक २०७९ नाम दिइएको यो सदावहार कृषि व्यवसाय प्रवर्द्धन मस्यौदा विषयवस्तु र प्रक्रिया दुवै हिसाबले परम्परागत ढर्राबाट माथि उठ्न सकेको छैन र यसले अहिलेका खेतीपातीका जल्दाबल्दा समस्यालाई पूर्ण रूपमा नजर अन्दाज गरेको छ ।

ठूला-ठूला शब्दजालमा रुमल्लिएको यो कर्मकाण्डी दस्तावेजले कृषि र किसान हेर्ने मन्त्रालयको साँघुरो सोच मात्र प्रस्तुत गरेको छैन, मन्त्रालयको नेतृत्वको संकीर्णता, केन्द्रीकृत मानसिकता र नेपाली कृषिको भविष्यप्रतिको दीर्घकालीन उदासीनता समेत छताछुल्ल भएको छ । दशकौंदेखि बाटो बिराएर ओरालो यात्रामा लागेको कृषिक्षेत्रको बाटो फेर्ने स्पष्ट ढाँचा र मार्गचित्र बनाउनुपर्नेमा बिराएकै बाटो हिंडाउने र अझै ठूलो दुर्घटना निम्त्याउन उद्यत छ ।

### मस्यौदामा के छ ?

कृषि मन्त्रालयले संघीय कृषि ऐनको मस्यौदा भन्दै प्रस्तुत गरेको यो विधेयक प्रस्तावनादेखि नै गोलमटोल छ । प्रारम्भदेखि विविधसम्म १३ अनुच्छेदमा विभाजित यो मस्यौदामा व्यवसाय प्रवर्द्धनलाई नै संघीय ऐनको मस्यौदा भनेर मन्त्रालयले आफ्नो चाख र औकात दुवै स्पष्ट पारेको छ ।

खासगरी, खेतीपातीको अन्तर्य, मर्म र प्रयोजनका बारेमा निरपेक्ष यो मस्यौदा प्रकृति, माटो, पर्यावरण, खाना, जनस्वास्थ्य, किसानको सामाजिक उद्यमशीलता र चलायमान अर्थतन्त्रका अन्तरसम्बन्धको कुनै साइनो देख्दैन । समग्रमा, यो मस्यौदाले खेतीपाती खानाका लागि, किसान सामाजिक उद्यमी र कृषि कर्म बहुसंख्यक किसानको जीवनपद्धतिको रूपमा स्वीकार गर्न सकेको छैन । उल्टै, कृषिलाई निजी व्यवसाय, किसानलाई व्यावसायिक उत्पादक र व्यापारी, र कृषि उपजलाई बजारमा किनबेचको वस्तुको रूपमा मात्र प्रस्तुत गरेको छ ।

विश्वव्यापी रूपमा यस्ता आाधुनिक भनिने बजारमुखी खेतीपाती प्रणालीको असफलताको निर्मम समीक्षा गर्दै कृषिक्षेत्र रुपान्तरणका सार्थक प्रयास भैरहँदा हाम्रो सरकार भने यही गलत बाटोलाई नै फराकिलो राजमार्ग बनाएर खाना र खेतीपातीको भविष्य नै थप जोखिमपूर्ण बनाउन उद्यत भएको छ ।

सारमा, यसमा संघीय कृषि मन्त्रालय यस्तो कृषि व्यवसाय प्रवर्द्धन गर्ने ठेकेदार र मातहतका सरकार तिनका सहयोगीका रूपमा मात्र प्रस्तुत गरिएका छन् । यस्तो ठेकेदारी प्रवर्द्धन गर्न मन्त्रीको संयोजकत्वमा मन्त्रालय केन्द्रित निर्देशक समितिको प्रस्ताव गरिएको छ । साथै, यस्तो निर्देशक समिति प्रदेश र स्थानीय तहमा समेत रहने व्यवस्था गरिएको छ । किसानले राज्यबाट पाउने सेवा, सुविधा र सहुलियतलाई सामाजिक उद्यमीको हक हैन, मन्त्रालयको कृपाको रूपमा सिफारिस गर्ने व्यवस्था गरिएको छ ।

यदाकदा अल्मल्याउने शब्दावलीको उपयोग बाहेक यो मस्यौदामा सारतत्व के छ भनेर थाहा पाउन यसको प्रस्तावना पढे पुग्छ ।

यसमा भनिएको छ- 'कृषि उत्पादनका साधन उत्पादन सामग्री र बजारमा न्यायोचित पहुँच अभिवृद्धि एवं उपलब्ध अवसरहरूको समुचित उपयोग गर्दै कृषिलाई सम्मानजनक आकर्षक एवं प्रतिस्पर्धी पेशाको रूपमा रुपान्तरण मार्फत आधुनिकीकरण गरी राष्ट्रिय खाद्य सुरक्षा, जैविक सुरक्षा र कृषकहरूको जीविकोपार्जन सुनिश्चितता गर्न, किसान तथा कृषि व्यवसायीलाई प्रवाह गरिने सेवा, सुविधा, अनुदान र सहुलियत, संरक्षण व्यवस्थित र नियमन गर्न वाञ्छनीय भएकोले, संघीय ऐनको यो प्रस्ताव गरिएको हो ।'

### यसैबाट थाहा हुन्छ यसको नियत र नियति ?

### यस्तो मस्यौदामा के हुनुपर्छ ?

बहुसंख्यक नेपालीको जीवन पद्धति र जीविकाको आधार, राष्ट्रिय अर्थतन्त्र, आम्दानी र रोजगारीको मुख्य क्षेत्र प्रवर्द्धन र नियमन गर्ने यस्तो कानुनी दस्तावेज बनाउने कुरा स्वाभाविक हिसाबले राजनैतिक चेत र दृष्टिकोणको सवाल हो । किनकि यो नेपाली समाजको सबै तहलाई सबैभन्दा बढी प्रभाव पार्ने विषय हो । यसका प्राथमिक सरोकारवालाको बीचमा पर्याप्त बहस भएमा मात्र कार्यान्वयन गर्न सकिने व्यावहारिक ऐन बन्न सक्ने कुरा अपेक्षित छ । यस लेखमा यस्तो मस्यौदा प्रस्ताव गर्दा खासगरी ऐन निर्माणको सन्दर्भ, विषयवस्तु र प्रक्रियाका हिसाबले मुख्य ध्यान दिनुपर्ने पक्षहरूबारे चर्चा गर्ने जमर्को गरिएको छ ।

हुनत नेपालको नीति तथा ऐन निर्माण प्रक्रिया भनाइ र गराइमा निकै विरोधाभासपूर्ण छ । यस्तो मस्यौदाको उत्पत्ति कहाँ र कसले गर्ने भन्नेमा सबैभन्दा ठूलो चलखेल हुने गर्छ । यो कुरा हालसम्मका नीति, रणनीति र ऐन बनाउने प्रक्रियामा देखिएकै छ । संघीय व्यवस्थासँगै फेरिने अपेक्षा गरिएको यो प्रक्रिया अहिले पनि उस्तै छ ।

सबै मन्त्रालयमा कानुन, नीति निर्माण शाखा छन् तर मस्यौदाको प्रस्ताव भने शक्ति समूहको खल्तीबाट निस्केर पहुँचवाला सहसचिवको गोजी हुँदै विधेयक समितिमा पुग्छ ।

अझै उदेकलाग्दो कुरा त के छ भने संघीय कृषि ऐनको नाम दिएर स्वार्थ समूहका चाखमा बनाइएको कृषि व्यवसाय प्रवर्द्धन विधेयकलाई बुँदागत सुझाव मात्र छिटो-छिटो दिन आग्रह गरिएको छ ।

यति हतार-हतार यो मस्यौदा संसदमा निर्णयार्थ प्रस्तुत गरेर संघीय ऐनका नाममा व्यावसायिक कृषि प्रवर्द्धन गर्ने ऐन बनाएर कसलाई फाइदा पुग्ला ? यसो गरेर कसलाई फाइदा हुन्छ ? यो समेत अब आम चासो र सरोकारको विषय हुनुपर्छ । किनकि संविधान बनेको ९ वर्ष भैसक्दा यस्तो ऐन बनाउन कहिल्यै हतार भएन । अहिले किन ? प्रश्न किन नगर्ने ?

विगतका अनुभवले के देखाउँछ भने भित्रभित्रै तयार गरिने यस्ता मस्यौदाका बारेमा न संसदमा न अन्य सरोकार समूहमा कुनै सार्थक बहस हुन्छ न त यसमा सरोकार समूहको कुनै योगदान नै रहन्न्छ । कतिपय अवस्थामा यस्ता मस्यौदा ऐनले सम्बोधन गर्ने विषयगत महत्व भन्दा बढी निहित स्वार्थर् र यसैका वरिपरि हुने शक्ति संघर्षको शिकार हुने गर्छन् । यो मस्यौदा यसको अपवाद हो भन्ने आधार के छ ?

### किन चाहिएको हो एकीकृत कृषि ऐन ?

मस्यौदाको बहस यहींबाट सुरु हुनुपर्छ । हामी खाद्य संकटको सँघारमा छौं । यो कुरा धान चामल निर्यातमा छिमेकीले लगाएको रोकबाट अत्तालिएको सरकारले त झन राम्ररी बुझेको हुनुपर्ने हो । प्रकृतिको निरन्तरको विघटन र कृषि जमिनको अपरिवर्तनीय विनाशले खाद्य उत्पादन घटिरहेको छ भने यसको दबाबले खाद्यान्नमा बढ्दो उच्च मूल्य वृद्धि र आयात भइरहेको छ । जलवायु, खाना र जनस्वास्थ्यको विश्वव्यापी संकटले चक्रीय प्रभाव परेको छ । स्थानीय उत्पादन निरन्तर घटिरहेको छ । एकातिर उत्पादन लागत बढेको छ भने बजारमा बिचौलिया नियन्त्रण झेल्न नसकेका किसान खेतीपाती थाम्न नसकेसँगै पलायन भइरहेका छन् ।

कृषि सपार्न भन्दै बनाएका दर्जनौं नीति अभ्यासका दस्तावेज दराजमा मक्किएका छन् । कृषि निरन्तर ओरालो यात्रामा छ । हाम्रो विशेषतामा आधारित उपयुक्त कृषि विकासको ढाँचा र यसको अवतरणको संक्रमणकालीन योजना नबनाउने हो भने नेपालको कृषि उन्नत हुँदैन । अब भविष्यमुखी एकीकृत कृषि ढाँचा बनाउन नसके यस्ता जल्दाबल्दा समस्या समाधान गर्न नसकिने भएको छ ।

सँगै, नीति मञ्चमा एकापसमा बाझिएका नीति, विकास रणनीति र कानुनको भद्दा प्रस्तुति मात्र छ । यसैमा अभ्यस्त केन्द्रीकृत भद्दा संरचना र अदक्ष संयन्त्रले कृषि सपार्ने त कुरै छाडौं, भएको राम्रो समेत जोगाउन सकेको छैन । यस्ता संरचना र संयन्त्रले किसानलाई आवश्यक सेवा प्रवाह गर्ने त कुरै छैन । उल्टै उनीहरूको बोझ बनेका छन् । यो मस्यौदा बनाउने दस्तालाई यस्ता गम्भीर सवालको सम्बोधन नगरी नेपालको कृषि कसरी सप्रिन्छ भन्ने कुराको हेक्का नभएकै हो ? अब यसको समेत समीक्षा गर्नुपर्ने बेला भएको छ ।

### यो मस्यौदामा के समेटिनुपर्छ ?

अब बनाउने एकीकृत कृषि ढाँचाले खेतीपाती खानाको प्रकृतिसम्मत बन्दोबस्त, अहिलेको पर्यावरण, खाना र जनस्वास्थ्यका संकटको सम्बोधन गर्न सक्षम, वन, माटो-जमिन) पानी, ऊर्जा, जैविक विविधता र समुदायको खाने संस्कृति प्रवर्द्धन गर्ने र आत्मनिर्भर र स्वाभिमान सामाजिक उद्यमी किसानको सम्मानित जीवनपद्धति, खानाका लागि र तुलनात्मक लाभको कृषिको एकीकृत ढाँचा बनाउन सक्नुपर्छ ।

यस्तो मस्यौदा बनाउँदा बृहत् कृषि क्षेत्रका सबै आयामको प्राथमिकता निर्धारण गरी भविष्यमुखी कृषि नियमनको ढाँचा बनाउन सक्नुपर्छ । खासगरी, संविधानको मर्म र भावना, लोकतान्त्रिक र समतामूलक समाज निर्माण गर्ने ध्येय, खाद्य सम्प्रभुताको संवैधानिक हक, अन्तर्राष्ट्रिय सन्धि जस्तो संयुक्त राष्ट्रसंघको किसानको हक सम्बन्धी सन्धि जस्ता वैधानिक व्यवस्थाको ख्याल गरिनुपर्छ । मानिस, समाज र प्रकृतिको अन्तरनिर्भरताका मूल्यमान्यतालाई आत्मसात् गरेको हुनुपर्छ ।

सँगै, राज्यको नियमन, अनुगमन र पृष्ठपोषण, चलायमान स्थानीय कृषि अर्थतन्त्रका आधार निर्माण गर्न सक्षम ढाँचा चाहिन्छ । यसले कम्तीमा छिमेकबाट आयातित खाद्यवस्तु र हाम्रो उत्पादन लागतको सन्तुलन, स्थानीय विशेषताका कृषि उपज किन्नु नपर्ने अवस्था, मौलिक खाद्य संस्कृति, सहकारिता, सामाजिक उद्यमशीलता प्रवर्द्धन गर्ने आर्थिक तथा सामाजिक सोच बनाउनुपर्छ ।

यस्तो मस्यौदाले बजार र उपभोग संस्कृति, व्यापार, आयात निर्यात, अनुसन्धान, प्रसार र दक्षता कृषि संरचना, कृषि सहकारिता (सामाजिक उद्यम) र किसान वर्गीकरण, भू-उपयोग र स्वामित्व जमिनको वर्गीकरण, वर्गीकृत जमिनको नक्सांकन र स्वामित्व निर्धारण, प्रकृतिसम्मत एकीकृत उत्पादन प्रणाली, जलवायुमैत्री प्रविधि र जैविक विविधता प्रवर्द्धन, पानी व्यवस्थापन, यान्त्रीकरण, खाद्यतत्व र पोषण व्यवस्थापन, बीउ, रोग र कीरा नियन्त्रण, प्रशोधन, भण्डारण र बजारीकरण, स्रोत र सेवाको न्यायोचित वितरण, संक्रमण समयसीमा, नियमन र पृष्ठपोषण, अधिकार पाउने संस्था, व्यक्तिको जिम्मेवारी र दण्ड-सजाय जस्ता पक्षहरू समेटिनुपर्छ ।

यी अहं सवालहरू सम्बोधन गर्ने दूरदृष्टि विनाको ऐनको प्रस्तावले नेपालको संविधान, संघीय लोकतान्त्रिक अभ्यासको मर्म, स्वच्छ खेतीपातीबाट स्वास्थ्य र पोषणयुक्त खाना खान पाउने हाम्रो मौलिक हक कुण्ठित हुन्छ । सँगै भावी पुस्तालाई दिगो कृषि जिम्मा लगाउने हाम्रो दायित्व समेत पूरा हुँदैन । यी सबै कुराको नजर अन्दाज गरेर अख्तियारीका नाममा आफूखुशी गर्ने छुट अब कसैलाई हुँदैन ।

विषयवस्तुसँगै ऐन निर्माणमा प्रक्रिया समेत उत्तिकै महत्वपूर्ण हुन्छ । सहभागीमूलक र समावेशी प्रक्रिया अपनाएर मात्र प्रभावकारी मस्यौदा बनाउन सकिन्छ । यसका लागि, राजनैतिक नेतृत्व र संसदीय समितिको स्वामित्व पहिलो शर्त हो । यस्तो मस्यौदाको प्रारम्भिक खाका कृषि मन्त्रालयको समन्वय र सबै तहका सरकारको सहभागितामा हुनुपर्ने हो ।

कानुन बनाउने कुरा प्राविधिकभन्दा पनि दृष्टिकोण र विचारको राजनैतिक प्रक्रिया हो । तसर्थ यस्तो मस्यौदा समावेशी कार्यदल र यस्तो कार्यदललाई दिइने फराकिलो कार्यादेशले निर्देशित हुन्छ । यसका लागि, एकीकृत कृषि क्षेत्रसँग सम्बन्धित विषयगत र संरचनागत नीति, रणनीति र ऐनका प्रावधानको समीक्षा, एकीकृत कृषि ऐनका दस्तावेजको गहिरो अध्ययनका आधारमा मस्यौदा लेखन गरिनुपर्छ ।

हतारमा मस्यौदा बनाएर फुर्सदमा पछुताउने काम नगरौं । सके यसै मस्यौदालाई उन्नत बनाऔं, नभए पुनर्लेखन गर्न तयार भएर भविष्यमुखी कृषिको दिशाबोध गर्न सक्षम कृषि ऐन बनाऔं । *(स्रोत: अनलाईनखबर)*

**तपाईको समसामयिक विचारलाई प्रकाशित गर्न चाहनुहून्छ भने ।**

www.samriddhasamaj.com.np

# स्थानीय तहमा दश थरीका कर्मचारी, सय थरी मतभेद

रविन्द्र घिमिरे/अनलाइनखबर




काठमाडौंः नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तहलाई थरी-थरीका कर्मचारीको व्यवस्थापन टाउको दुखाइको विषय बनेको छ । संविधान जारी भएको ८ वर्षसम्म स्थानीय तहसँग आफ्नै सेवा (स्थानीय सेवा) का कर्मचारी छैनन् । त्यसैले स्थानीय तहमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन भद्रगोल र जटिल भएको छ । नेपाल नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगानाका फरक-फरक समूह र प्रकृतिका कर्मचारीहरुबीच रहेको वैमनष्यता चिर्न नै मेयर र प्रमुख प्रशासकीय अधिकृतहरुलाई धौ-धौ परेको छ । यसले स्थानीय तहको सेवा प्रवाहमा समेत असर गरेको उनले बताए ।

महानगरपालिका, उपमहानगर पालिका नगरपालिकासहित गाउँपालिकाहरुमा रहेका कर्मचारीहरुको पृष्ठभूमिअनुसार स्थानीय तहमा अहिले करिब १० किसिमका कर्मचारी भेटिन्छन् । तर, उनीहरुमध्ये स्थानीय तहमा साविकका कर्मचारीहरुको संख्या ठूलो छ । बहुमत भएकाले पनि धेरै स्थानीय तहको प्रशासनमा उनीहरु नै हावी हुने गरेका छन् । यसले गर्दा सरुवा र समायोजन भएर गएकासहित अन्य पृष्ठभूमिबाट स्थानीय तहमा पुगेका कर्मचारीहरुमा असन्तुष्टिको मात्रा ठूलो छ । त्यसैले कर्मचारीहरु एक अर्काविरुद्ध प्रतिरोधमा उत्रिने, काममा असहयोग गर्नेदेखि ठूला मतभेद हुनेसम्मको समस्या रहेको एक महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बताउँछन् ।

कतिपय स्थानीय तहमा स्थानीय तहका पुराना कर्मचारीलाई योग्यताअनुसार भूमिका नै नदिने समस्या समेत छ । नयाँ आएकाहरुले बढी मौका पाउने र तर स्थानीय सन्दर्भ र परिवेश बुझ्केका कर्मचारीहरु 'कर्नर' मा पर्ने समस्याले पनि स्थानीय तहभित्र कर्मचारीहरु बीच सुमधुर सम्बन्ध कायम हुन सकिरहेको छैन । यसअघि स्थानीय निकाय हुँदादेखिकै कर्मचारीहरुले कर्मचारी कल्याण कोषबाट सुविधा पाउँछन् । उनीहरुमध्ये धेरै समायोजन भएर वा अन्य क्षेत्रबाट समायोजित कर्मचारीहरुसँग निर्धक्कसँग सहकार्य गर्न अनकाउने अनुभव जनप्रतिनिधिहरुको छ ।

'यहाँका पुराना कर्मचारीले अन्यत्रबाट आएकालाई 'ल्याइते'सँग तुलना गरेको सुनेको छु,' संघबाट ललितपुर महानगरपालिकाका एक जनप्रतिनिधि भन्छन्, 'यहाँ कार्य जिम्मेवारी दिँदा कर्मचारीहरु कर्मचारीमाथि नै खनिन खोज्छन्, यसले महानगरको कार्यसम्पादनमै असर परेको छ ।' कर्मचारी समायोजन ऐन, २०७५ आएपछि ८ हजारभन्दा बढी निजामती कर्मचारी स्थानीय तहमा समायोजन भएका थिए । उनीहरु स्थानीय तहमा समायोजन भएपनि त्यहाँका कर्मचारीसँग मित्रता र सहकार्यका हिसावले 'सामायोजित' हुन सकिरहेका छैनन् । जनताको दैलोमा पुगेर सेवा दिनुपर्ने स्थानीय तहहरु आफ्नै पुराना, संघबाट गएकादेखि विभिन्न निकाय, र समितिबाट आएका सप्तरंगी कर्मचारीको व्यवस्थापनमै अलमलिएका छन् । रनभुल्ल भएका स्थानीय तहहरु प्रदेश कानुनले गरेको व्यवस्था अनुरूप कर्मचारी व्यवस्थापन गर्न समेत सकिरहेका छैनन् ।

## थरी-थरीका कर्मचारी

स्थानीय तहमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सोझै खटाउने प्रमुख प्रशासकीय अधिकृतले स्थानीय तहको प्रशासकीय नेतृत्व गर्छन् । लोकसेवाबाट भर्खरै नाम निकालेकाहरु समेत प्रशासकीय नेतृत्व गर्ने गरी स्थानीय तहमा पुग्दा त्यहाँ वर्षौं काम गरिरहेकाहरुले 'लघुताभाष' महसुस गर्ने अवस्था छ । अहिले निजामती सेवाबाट समायोजन भएर आएका कर्मचारीहरु पनि स्थानीय तहमा कार्यरत छन् । उनीहरुले निजामती सेवा ऐनअनुसार नै अवकाशपछि संघीय सरकारबाट पेन्सन पाउँछन् ।

स्वास्थ्य सेवाका कर्मचारीहरु पनि स्थानीय तहमै छन् । उनीहरुको सरुवा र बढुवासम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरिरहेको छ । यसले गर्दा स्थानीय तहमा पहिलेदेखि नै स्वास्थ्य सेवामा काम गरिरहेकाहरु रुष्ट हुने अवस्था सिर्जना भएको छ । तत्कालिन जिल्ला विकास समिति र तत्कालिन नगरपालिका तथा गाविसबाट समायोजन भएर स्थानीय तहमा आएका कर्मचारीहरुको पनि अर्को समूह छ । जिल्ला विकासबाट स्थानीय तहमा आएका कर्मचारीहरुलाई सकेसम्म भूमिका नै नदिन जोडबल लगाउनेसम्मको समस्या स्थानीय तहरुमा छ ।

तत्कालीन घरेलु तथा साना उद्योग विकास समिति र दुर्गम क्षेत्र विकास समितिमा कार्यरत स्थायी कर्मचारी पनि समायोजन भएर स्थानीय तहमा आएका छन् । यस्ता समितिबाट समायोजित कर्मचारीको व्यवस्थापन पनि स्थानीय तहहरुका लागि जटिल बनेको छ । स्थानीय तहले भनै भर्ना गरेका करार र अस्थायी कर्मचारीहरु पनि स्थानीय तहभित्र एउटा कित्तामा छन् । यसको व्यवस्थापन जटिल भएपछि काठमाडौं महानगरपालिकाले त स्वेच्छिक अवकाशका लागि 'गोल्डेन ह्यान्डसेक' नै दिने योजना बनाउनुपरेको छ । २०७६ मा लोकसेवा आयोगले स्थानीय तहहरुकै लागि छनोट गरेर पठाएका कर्मचारी पनि कार्यरत छन् । आयोगले स्थानीय तहमा काम गर्नकै लागि कर्मचारी छनोट गरेर पठाएपनि उनीहरुको स्वीकार्यता पनि स्थानीय तहभित्र कम छ । पछिल्ला महिनाहरुमा सम्बन्धित प्रदेश लोकसेवा आयोगबाट छानिएर आएका कर्मचारी पनि स्थानीय तहमा आइरहेका छन् । यस्ता कर्मचारीले पनि स्थानीय तहभित्रका अन्य कर्मचारीसँग विश्वास आर्जन गर्न सकिरहेका छैनन् ।

## सयथरि समस्या

हालसम्म अन्तर स्थानीय तह सरुवाको व्यवस्था समेत नहुँदा असन्तुष्ट कर्मचारीहरुले विकल्प पनि पाएका पाएका छैनन् । कतिपय स्थानीय तहलाई सक्षम कर्मचारीहरु नभएर समस्या पर्दा अनावश्यक कर्मचारीहरुलाई तबलभत्ता खुवाएर मात्रै राख्ने बाध्यता समेत छ । संविधान जारी भएपछि स्थानीय स्वायत्त शासन नियमावली निष्क्रिय भएसँगै स्थानीय तहमा काम गरेका पुराना कर्मचारीको वृत्ति विकासमा अवरोध पनि परिरहेको छ । स्थायी कर्मचारीको स्तर वृद्धि र बढुवामा असर परेको छ भने अस्थायी कर्मचारीले सीमित प्रतिस्पर्धाबाट स्थायी हुन समेत अवसर पाएका छैनन् । यसले समेत स्थानीय तहमा कर्मचारी व्यवस्थापनको गाँठो फुक्न सकेको छैन ।

भुक्तभोगीहरुको भनाइ मान्ने हो भने ठाउँ-ठाउँबाट आएका कर्मचारीलाई एउटै समूहका राख्ने गरी प्रदेश तथा संघीय कानुन नआउँदा स्थानीय तहको दैनिक कार्यसञ्चालन र त्यसको नियन्त्रण राम्रोसँग हुन सकेको छैन । संविधानअनुसार स्थानीय तहमा नयाँ कर्मचारीको पदपूर्ति, पदस्थापन, सरूवा, बढुवा, समायोजन, स्तर वृद्धि लगायतका काम प्रदेश तहबाट गर्नुपर्ने हुन्छ । तर, त्यसका लागि धेरै प्रदेशले कानुन नै बनाउन सकेका छैनन् भने बनाएकाहरूले पनि स्थानीय सेवा गठन गरेर स्थानीय तहका कर्मचारीलाई एउटै डालोमा हालेर व्यवस्थापन गर्न सकेका छैनन् ।

बागमती, गण्डकी र कोशी प्रदेशले स्थानीय सेवा गठन तथा सञ्चालन ऐन ल्याए पनि संघ सरकारले छाता ऐन नबनाउँदा प्रदेशभित्रका स्थानीय तहहरुमा स्थानीय सेवाको गठन प्रक्रिया अघि बढ्न सकेका छैनन् । कागेश्वरी मनोहरा नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौला कर्मचारीहरुबीच समन्वय कायम गराउन नै सकस हुने गरेको अनुभव सुनाउँछन् । 'कर्मचारीबीच हुने मतभेदका कारण कार्य क्षमता र दक्षताका आधारमा जिम्मेवारी दिने कुरा सहज छैन', उनी भन्छन्, 'म ठूलो हुँ भन्ने भावना भएका कर्मचारीलाई पन्छाएर काम गर्न सक्ने मान्छेलाई जिम्मेवारी दिन बढी नै मिहिनेत गर्नुपर्छ ।'

न्याययूर्ण तवरले कार्यविभाजन गर्दा समेत असुन्तुष्टिहरु जन्मिने गरेको भन्दै उनले विशेषगरी स्वास्थ्य सेवा लगायतबाट आएका कर्मचारीको व्यवस्थापनमा रहेको भद्रगोलले झन् समस्या परिरहेको बताए । 'संघीय मामिला तथा सामान्य प्रशासनले पछिल्लोपटक केही सक्रियता देखाएको छ', उनले भने, 'स्थानीय तहहरुमा कर्मचारी व्यवस्थापन सहज हुने गरी कानुनी प्रबन्ध गरिहाल्नुपर्ने देखिन्छ ।' संघीय राजधानी रहेको काठमाडौं महानगरमै पनि यस्तो समस्या छ । कर्मचारीहरु बीचको फाटोका कारण आपसी वैमनष्यता सिर्जना हुँदा अपेक्षित परिणाम आउन नसकेको महानगर पालिकाका एक अधिकारीले बताए ।

'निजामतीबाट आउनेले स्थानीय तहका पुराना कर्मचारीलाई गन्दैनन्, स्थानीय तहका पुराना कर्मचरीले त झन् बाहिरबाट जानेहरुलाई भूमिका नै दिन चाहँदैनन्', उनी भन्छन्, 'पहिलाका कर्मचारीको वर्चस्व भएकाले उनीहरु अरुलाई हेयका दृष्टिले हेर्छन्, मूलधारमा छिर्न दिँदैनन् ।' घरेलु, दुर्गम र अन्य सेवाबाट जानेहरुलाई कर्मचारीकै रुपमा व्यवहार नगर्ने परिपाटी रहेको उनले बताए । संघीय निजामती ऐन आएपछि प्रदेश कानुनले स्थानीय सेवा व्यवस्था नगरेसम्म स्थानीय सेवा गठन हुन सक्दैनन् । तीन वटा प्रदेशले स्थानीय सेवा गठनको कानुन बनाए पनि संघ सरकारको उदाशीनताले समस्या परिरहेको छ ।

'महानगरभित्र कर्मचारी व्यवस्थापनमा सयथरि समस्या छ, समग्रमा देशभरकै स्थानीय तहहरुबाट आउटपुट नआउनुको मुख्य कारण यो पनि हो', ती अधिकारी भन्छन्, 'कर्मचारी संयन्त्रलाई भिडाएर राखेपछि कसरी नतिजा आउँछ ?' नेपाल नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगाना निजामती सेवा र स्थानीय तहमा कार्यरत कर्मचारीबीच राज्यले विभेद गरि रहेको टिप्पणी गर्छन् । यसकै कारण स्थानीय तहमा कार्यरत कर्मचारी र सरुवा तथा समायोजन भएर आएका कर्मचारीबीच सुमधुर सम्बन्ध कायम गर्न सजिलो नभएको उनको भनाइ छ ।

'स्थानीय सेवामा भर्ना भएका खरिदार सुब्बाले पनि सरकारको सचिव बन्न पाउनुपर्छ,' अध्यक्ष ढुंगाना भन्छन्, 'सिभिल अस्पतालमा निजामती कर्मचारी र उनीहरुको परिवारले मात्रै सहुलियतमा सेवा पाउने अवस्था हटाउनुपर्छ, यस्तो विभेदको रेखा हटाइयो भने धेरै हदसम्म समस्या समाधान हुन्छ ।'

सरकारले विगतमा धुनीवेशी नगरपालिकामा मात्रै घरेलुबाट २२ जना कर्मचारी पठाएको उदाहरण दिँदै उनले सरकारले स्थानीय तहलाई नतिजा आउने गरी काम गर्न दिने गरी प्रशासनिक व्यवस्था गर्न नसकेको बताए । 'संघीयता राजनीतिक रुपमा मात्रै आयो, आर्थिक र प्रशासननिक संघीयता आएकै छैन,' अध्यक्ष ढुंगानाले भने, 'स्थानीय सेवा गठन गरेर सबै कर्मचारीबीच विभेदको रेखा मेटाए मात्रै स्थानीय तहको कार्यसम्पादन र सेवा प्रवाह अझ धेरै प्रभावकारी हुन्थ्यो ।' संघीय मामिला तथा समान्य प्रशासनमन्त्री अनमाल मोदी संघीय निजामती ऐन आएपछि स्थानीय तहमा कर्मचारी व्यवस्थापनमा देखिएका समस्याहरु समाधान हुने बताउाछन् । 'छिट्टै विधेयक संसदमा जान्छ,' उनले भने, 'सरकार त्यसको अन्तिम गृहकार्यमा छ ।'

# सुगमका कर्मचारी दुर्गममा जान अनिच्छुक

काठमाडौंः दुई वर्षभन्दा बढी संघीय राजधानी र सुगम क्षेत्रमा बसेका कर्मचारी दुर्गम क्षेत्रमा जान अनिच्छुक देखिएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ९ दिनको समयावधि दिएर दुर्गमको सुगममा र सुगमको दुर्गम क्षेत्रमा जान निवेदन दिन आह्वान गरेको साता बितेको छ ।

यो अवधिमा करिब सय जना दुर्गमका कर्मचारीले सुगम क्षेत्रमा सरुवा हुन निवेदन दिएका छन् । संघीय मामिलामन्त्री अमनलाल मोदीले पहुँच नभएर दुर्गममा बसेका कर्मचारीलाई सुगममा ल्याउने घोषणा पटक-पटक गर्दै आएका छन् । उनले मन्त्री भएलगत्तै मुलुकभरमा स्थानीय तहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत हटाउने घोषणा गरेका थिए ।

मन्त्रालयले दुर्गममा कर्मचारी पठाउने नीति बनाए पनि लागू गर्न भने कठिन देखिएको छ । सुगमबाट दुर्गम जाने एउटा पनि निवेदन नआएको संघीय मन्त्रालयका उपसचिव खिलराज राईले जानकारी दिए । उनका अनुसार मन्त्रालयले गठन गरेको कार्यदलको सिफारिसका आधारमा निजामती ऐनमा टेक्दै सरुवा मापदण्ड बनाएर कार्यान्वयनको चरणमा लगेको बताए । उनका अनुसार कुनै शक्ति र भनसुनबिना लामो समय दुर्गममा बस्नुपर्ने परिस्थितिको अन्त्य गर्न मापदण्ड बनाए पनि कार्यान्वयनमा चुनौती देखिएको छ ।

मन्त्रालयका अनुसार जाजरकोट, बाजुरा, अछाम, डोटी, दैलेखलगायतका दुर्गम जिल्लाका नगरपालिका र गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत निमित्तको भरमा सञ्चालन भइरहेको छ । तर उक्त स्थानमा कर्मचारी जान मानेका छैनन् । संघीय मन्त्रालयका अनुसार विकट क्षेत्रका ४१ नगरपालिका र १ सय १ गाउँपालिका निमित्त प्रमुख प्रशासकीयको भरमा चलिरहेका छन् । संघीय मन्त्री मोदीले आफ्नो पदभार ग्रहण गर्ने समयमा निमित्तजति सबै हटाउन ल्याएको योजना सात महिना बित्न लाग्दा पनि कार्यान्वयन हुन नसकेको छैन । मन्त्री मोदीलाई अहिले निमित्त हटाउनै हम्मेहम्मे परेको छ । उनी मन्त्री भएका बेला साढे तीन सय स्थानीय तहमा निमित्त प्रशासकीय अधिकृत थिए ।

अहिले उक्त संख्या घटेर १४२ दुर्गममा बसेकाहरूले सुगममा जान निवेदन दिए पनि सुगमकाले दुर्गममा जान नमानेको जानकारी मन्त्रालयले दिएको छ । मन्त्रालयले निजामती सेवा ऐन, २०४९ को दफा १८ मा टेकेर सरुवाका लागि निवेदन दिन गत ११ गते सूचना प्रकाशित गरेको थियो । त्यस्तै मन्त्रालयले मंगलबार १४ जना उपसचिव सरुवा गरेकोमा १० जनालाई स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत बनाएको छ । त्यस्तै ८ जना शाखा अधिकृतलाई काठमाडौं बाहिर पठाएको छ । उनीहरू केन्द्रमा लामो समयदेखि बसेकाले स्थानीय तहमा पठाएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका उपसचिव राईका अनुसार भदौ महिनाभर कर्मचारीको व्यवस्थापन मिलाइनेछ । त्यस्तै मन्त्रालयले कर्मचारीको नियुक्ति, पदस्थापना, काज, सरुवा, रमान नियुक्ति, हाजिर भएको जानकारीलगायत वैयक्तिक कर्मचारी विवरण (पीआईएस) अद्यावधिक गर्न सरोकारवालालाई अनुरोध गरेको छ । मन्त्रालयले यस्तो विवरण पेस गर्न यसअघि पनि पटक-पटक पत्राचार गरे पनि कार्यान्वयन हुन सकेको छैन । *स्रोतः इकान्तिपुर ।*

# आगामी योजनामा बाल संरक्षणबारे अन्तरक्रिया

समाज संवाददाता

**हेटौंडाः आगामी १६ पञ्चवर्षीय योजनामा बाल संरक्षणका सबालहरुबारे अन्तरक्रिया गरिएको छ । राष्ट्रिय बाल संरक्षण सञ्जाल, हिमाली नवीन समाज र फरगेट मी नटको अयोजनामा राष्ट्रिय आवधिक योजनामा बाल संरक्षणका सबाल विषयमा अन्तक्रिया गरिएको हो ।**

**सञ्जालका अध्यक्ष प्रकाश खतिवडाको सभाध्यक्षता तथा राष्ट्रिय बाल अधिकार परिषदको उपाध्यक्ष बमबहादुर बानियाको प्रमुख आतिथ्यता काठमाडौंको अल्फामा सम्पन्न भएको छ ।**

**कार्यक्रममा परिषदको पूर्व कार्यकारी निर्देशक मिलनराज धरेलले कार्यपत्र प्रस्तुत गर्नुहुँदै १५ औं आबधिक योजनामा समेटिएका बाल संरक्षणका सबाल र प्रगति, नेपालमा देखिएको बाल संरक्षणका मुख्य सबालहरु, १६ औं योजनामा नयाँ सम्बोधन गर्न आवश्यक सबालहरु र सम्भाबित कार्यक्रमहरुको बारेमा प्रस्तुति गर्नु हुँदै पारिवारिक हेरचाह रणनीति आबश्यक रहेको र बालश्रम अन्त्यका लागि क्षेत्रगत अवधारणा अवलम्बन आवश्यक रहेको बताउनु भएको थियो ।**

**परिषदको उपाध्यक्ष बमबहादुर बानियाँले बाल संरक्षणको सबालमा १६ औं योजनामा समेट्नु पर्ने विषयबस्तुमा आधारित छलफल आयोजना गरेकोमा धन्यवाद दिनुभयो । उहाँले सडक बालबालिकामुक्त राष्ट्र बनाउने अभियानमा सबैको समन्वय र सहकार्यका लागि आह्वान गर्नु भएको छ । बालबालिकासम्बन्धी ऐनबमोजिम बाल संरक्षण प्रणालीको सुदृढीकरणका लागि सरकारले बजेट बिनियोजन गर्न आवश्यक रहेको बताउनु भयो ।**

**सञ्जालका अध्यक्ष प्रकाश खतिवडाले १६ औं योजनामा बाल संरक्षणको सबाल नछुटोस् भन्नका लागि सरोकारवालाहरुको बीचमा छलफल चलाइएको बताउनुभयो । उहाँले बालश्रम, बाल संरक्षण प्रणालीको सुदृढीकरण, विपदमा बालबालिका, बालबालिकाको पारिवारिक संरक्षण तथा स्याहारको अधिकारको सम्मान गर्न आग्रह गर्नुभयो । बालबालिकाको संवेगात्मक विकास र सुरक्षित प्रारम्भिक बालापनको आधारको रुपमा रहेको प्रारम्भिक बाल विकास कार्यक्रम सबै बालबालिकाको पहुँचमा पुग्ने सुनिश्चित हुनुपर्नेमा जोड दिनुभयो ।**

**परिषदको सदस्य विनिता खड्का श्रेष्ठले १५ औ योजनामा अपाङ्गताको विषय छुट भएकोले अबको १६ औं योजनामा अपागंताको क्षेत्रमा लगानी अभिबृद्धि आबश्यक रहेको बताउनु भएको थियो । बाल हिंसाबिरुद्ध राष्ट्रिय कार्य समन्वय समिति अध्यक्ष किरण थापाले सडकमा बालबालिका, बाल यौन दुर्ब्यबहार, बालबालिका लागू पदार्थ सेबनकर्ताको रुपमा बढिरहेका अबस्थामा बाल संरक्षणको सबाल जटिल बन्दै गइरहेको बताउनुभयो । १६ औं योजना बनाइरहँदा संबेदनशील हुन आबश्यक रहेको उहाँले बताउनुभयो ।**

**लुनिभाका नरेन्द्र डंगोलले बालिकाहरु आफैं बालबिबाह गर्ने दर बढेको, सामाजिक सञ्जालमा बालिका असुरक्षित, परिवारमा बालबालिकालाई असुरक्षा भएको अवस्थामा अब राज्यले यस क्षेत्रमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनु भएको थियो । एटबिनको बेनुमाया गुरुङले बालबालिकाको बेचबिखन, बैदेशिक रोजगारबाट बालबालिकामा परेको नकारात्मक प्रभाव, एचआईभी संक्रमित र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको अवस्था बिश्लेषण गरी उनीहरुको अधिकार स्थापित गर्न आगामी योजनामा समेट्न आवश्यक रहेको बताउनु भयो ।**

**विश्वास नेपालको अध्यक्ष तारा भण्डारीले मनोरञ्जन क्षेत्रमा भएको भयाबह समस्याको बारेमा उजागर गर्नुहुँदै मनोरञ्जन क्षेत्रको बालश्रमको अन्त्यको लागि क्षेत्रगत अबधारणा अबलम्बन गर्न माग गर्नु भएको थियो । हिमाली नवीन समाजको धनबहादुर लामाले बालबालिका र बैकल्पिक हेरचाहको सबाल उठान गर्नु हुँदै बालबालिका सम्बन्धी ऐन २०७५ मा उल्लेखीत चार प्रकृतिक बैकल्पिक हेरचाहको ब्यबस्थाको कायान्वयन गर्न आग्रह गर्नु हुदै आबश्यकताको आधारमा स्थानीय पालिकामा अस्थायी बाल गृह स्थापनाको ब्यबस्थापन मिलाउन आग्रह गर्नु भएको थियो ।**

**एनएसीजीका पूर्वअध्यक्ष रवीन नेपालीले बालगृहलाई व्यवस्थापन गर्न नसक्दा हास्टेलमा बिकृति बढेको बताउनु हुँदै योजनाबद्ध तरिकाबाट कानुनअनुरुप बालगृहका बालबालिकाको व्यवस्थापन गर्न आग्रह गर्नुभयो ।**

**सरकारबाट लहडको रुपमा नभई घटना अध्ययन गरी बिकल्प दिएरमात्र बालगृहमा रहेका बालबालिकाको परिबारसँग पुनर्मिलन गराउन आग्रह गर्नुभएको थियो । एनसीएफएलजी फोरमका अध्यक्ष अशोक खनालले विद्यालय र समुदाय बालमैत्री हुनुपर्ने र यसका लागि योजनामा समेट्न आबश्यक रहेको बताउनभएको थियो ।**

**आसमान नेपालको दीपेन्द्र तिवारीले विद्यालय नगएका बालबालिकालाई खोजीखोजी जीबन उपयोगी सीप र आयमूलक सिपको व्यवस्थापन गर्न आवश्यक रहेका औंल्याउनु भएको थियो । साइन टुगेदरका वीरेन्द्र शाहीले बालगृहबाट पारिबारिक पुनर्मिलनको खाका तयार गर्दै परिबारमा पुनर्मिलन भएका बालबालिकाको भबिश्य सुनिश्चित गर्ने योजना बन्नुपर्ने धारणा राख्नु भएको थियो ।**

**चाइल्ड नेपालको तोयानाथ तिबारीले सबै सेबाप्रदायक निकाय अपागङ्गमैत्री हुन आबश्यक रहेको बताउनु भएको थियो । स्वतन्त्रता अभियानकी सामना बरालले बालबेचबिखन, बालश्रम र बालयौन दुर्ब्यबहारमा अबको १६ औं योजना केन्द्रित हुनुपर्ने धारणा राख्नु भएको थियो । युवा अधिकारकर्मी रकीप्रसाद शाहले बाल संरक्षणबिना बालअधिकार सुनिश्चित नहुने भएकाले यसलाई महत्व दिनुपर्ने बताउनु भएको थियो ।**

**कार्यक्रममा एनसीपीएको महासचिव ज्ञानभक्त महर्जनले कार्यक्रम संचालन गर्नु हुँदै प्राप्त सुझाबहरु राष्टिय योजना आयोग, मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद र एनएसीजीमा पेश गरिनेबारे बताउनुभयो ।**

# अभिभावकहरु आफ्ना बच्चालाई राम्रो खेलाडी बनाउन इच्छुक हुनुहुन्छ

अखिल नेपाल फुटबल संघ (एन्फा) ले १६ वर्ष र १९ वर्ष उमेर समूहको राष्ट्रिय टिम तयार पार्न जिल्ला, प्रदेश हुँदै राष्ट्रियस्तरको छनोट प्रक्रिया सञ्चालन गरिरहेको छ । फुटबलको उर्वरभूमि मकवानपुर जिल्लामा साउन पहिलो साता र दोस्रो साता क्रमशः १६ वर्ष र १९ वर्ष उमेर समूहको खेलाडी छनोट गरिएको छ । १६ वर्ष उमेर समूहमा १ सय ९२ जना सहभागीमध्ये जिल्लाबाट २८ जना छनोट गरी प्रदेशमा सहभागी गराउँदा प्रदेशबाट १२ जना राष्ट्रिय छनोटमा सहभागी हुँदैछन् । यस्तै १९ वर्ष उमेर समूहको छनोटमा सहभागी १ सय २१ जनामध्ये जिल्लाबाट ४१ जना छानिएका छन् । जिल्लाबाट छानिएका किशोर खेलाडी प्रदेश हुँदै राष्ट्रिय छनोटमा सहभागी हुनेछन् । उमेर समूहको फुटबल खेलाडी छनोटको संयोजक समेत र हनुभएका एन्फा प्रशिक्षक विजयलाल श्रेष्ठसँग खेलाडी छनोटकै विषयमा रहेर समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:



**विजयलाल श्रेष्ठ**
**एन्फा प्रशिक्षक**

*समाजः मकवानपुरका युवामा फुटवलप्रतिको रुचि, आकर्षण कस्तो पाउनुभयो ?*
**श्रेष्ठ**: पहिले हेरी अहिलेको युवाहरुमा धेरै नै रुचि बढेको छ । यसलाई निरन्तरता दिन सकियो भने मकवानपुरमा धेरै खेलाडिहरु बढ्ने सम्भावना देख्छु ।

*समाजः १६ वर्ष र १९ वर्ष उमेर समूहमा जिल्लाबाट छनोट भएर गएका खेलाडीहरुको अबको प्रक्रिया के हुन्छ ?*
**श्रेष्ठ**: अहिले १६ वर्ष उमेर समूहका खेलाडीको राष्ट्रियस्तरको छनोट हुँदैछ । जिल्लाबाट छनोट भएकाहरु प्रदेशस्तरीय छनोट हुँदै राष्ट्रियस्तरको छनोटमा सहभागी हुनेछन् । यस्तै १९ वर्ष उमेर समूहका ४१ जना खेलाडी जिल्लाबाट छनोट भएका छन् । उनीहरुलाई प्रदेशस्तरीय छनोट खेलमा सहभागी हुन हामी आगामी शनिबार काठमाडौं पठाउने छौं । अहिले उनीहरु हेटौँडामै प्रशिक्षणमै छन् ।

*समाजः १६ वर्ष उमेर समूहका छनोट भएका खेलाडिहरु त काठमाडौं गए । १९ वर्ष उमेर समूहका खेलाडी पनि आउँदो शनिबार काठमाडौं जाँदैछन् । फुटबल खेल्न रुचि भएका तर, राष्ट्रिय टिममा समेटिन नसकेका खेलाडीलाई जिल्लामै नियमित प्रशिक्षण दिने व्यवस्था गर्न सकिन्छ ?*
**श्रेष्ठ**: उमेर समूहको छनोट खेलमा सहभागी हुन टाढा-टाढाबाट, गाउँपालिकाबाट खेलाडी आएका छन् । उनीहरुलाई एउटै ठाउँमा राख्न सक्ने अवस्था पनि छैन । ए डिभिजन क्लबमा आवद्ध भएर मकवानपुर जिल्लाका उल्लेख्य संख्यामा खेलाडीहरु फुटबल खेलिरहेका छन् । यो विषयमा मकवानपुर जिल्ला फुटबल संघले नै चासो दिनु पर्छ । यत्तिको रुचि राखेर खेल्न आउने खेलाडीलाई नियमित प्रशिक्षण दिन सक्यौं भने धेरै राम्रो खेलाडी उत्पादन गर्न सकिन्छ ।

*समाजः तपाई एन्फाको प्रशिक्षक हुनुहुन्छ । तपाईले नियमित प्रशिक्षण पनि गराइरहनुभएको छ । ति रुचि राख्ने खेलाडीलाई नियमित प्रशिक्षणमा सहभागी हुनका लागि तपाईँले के सुझाव दिनुभएको छ ?*
**श्रेष्ठ**: मैले हेटौँडा-१० स्थित वनविज्ञान क्याम्पसको खेल मैदानमा नियमित प्रशिक्षण गराइरहेको छु । हिजो छनोट भएका खेलाडीहरुलाई समय मिलेमा नियमित प्रशिक्षणमा आउनु भनेको छु । निशूल्करुपमा प्रशिक्षण दिइरहेको छु । जिल्लाबाट प्रदेशस्तरीय छनोटमा सहभागी हुन नसकेका उल्लेख्य संख्याका किशोर खेलाडीलाई प्रशिक्षणमा आउन भनेको छु । सिक्न चाहने खेलाडीलाई सिकाउन म तयार छु ।

*समाजः १६ वर्ष र १९ वर्ष उमेर समूहको छनोट प्रतियोगितामा सहभागी हुने खेलाडीका अभिभावकको उपस्थिति कस्तो पाउनुभयो ?*
**श्रेष्ठ**: अभिभावकहरु आफ्ना बच्चालाई खेलाउन लागी पर्नु भएको अवस्था छ । कोहि अभिभावकहरु त बच्चासँगै काठमाडौंसम्म पुग्नुभएको छ । उहाँहरु त्यहीं एन्फामा बसे र खेलेको हेरिरहेको अवस्थासम्म छ । अभिभावकहरु आफ्ना बच्चालाई राम्रो खेलाडी बनाउन इच्छुक हुनुहुन्छ । यो खेलकुदको विकासका लागि सकारात्मक विषय हो ।

*समाजः छनोट भएका खेलाडीलाई नियमित प्रशिक्षण गराउन मुख्य समस्या के छ ?*
**श्रेष्ठ**: एउटा त एन्फाले पहल गर्नु पर्‍यो । मकवापुरमा खेलमैदानको समस्या छ । भाईबहिनीलाई नियमित खेल्ने स्थान पनि तोकिदिनु पर्‍यो । खेल मैदान मात्रै भयो भने पनि धेरै सजिलो हुन्थ्यो ।

## मानवसेवा आश्रममा आश्रितको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, बेलचोकमा रहेको मानवसेवा आश्रममा आश्रित एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुने अन्दाजी ५० वर्षीय पुरुष रहेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

प्रहरीले उद्दार गरी जेठ ३० गते शनिबार मानवसेवा आश्रममा पठाएका पुरुषको परिचय समेत खुल्न सकेको थिएन । मंगलबार साँझ ५ बजेर ४५ मिनेटको समयमा ती पुरुषको मृत्यु भएको प्रहरीले जनाएको छ। शव मुचुल्का पश्चात पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

## ट्रकको ठक्करबाट दर्लामीको मृत्यु

समाज संवाददाता

हेटौँडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९, गाईघाटमा ट्रक र मोटरसाइकल एकआपसमा ठोक्किँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मोटरसाइकल चालक पाल्पा जिल्लाको मस्याङ-४ का ३५ वर्षीय सरोज दर्लामी रहेको प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

मंगलबार दिउँसो २ बजेर २० मिनेटको समयमा मुग्लिङबाट नारायणगढ जाँदै गरेको ना ६ ख ५६४२ नम्बरको ट्रक र विपरित दिशाबाट जाँदै गरेको लु ३८ प ६५७० नम्बरको मोटरसाइकल ठोक्किँदा दर्लामी र मोटरसाइकलको पछाडी सवार २४ वर्षीय चेतन आले गम्भीर घाइते भएका थिए । घाइते दुवैजनालाई उपचारका लागि भरतपुर अस्पतालमा लगिएको थियो । उपचारको क्रममा दर्लामीको मंगलबार ३ बजे मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । ट्रक र चालकलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## नयाँ युवा नयाँ सोचमा भोजराज

समाज संवाददाता

**हेटौँडाः नयाँ युवा नयाँ सोच नेपाल मकवानपुरको अध्यक्षमा भोजराज सञ्जेललाई चयन गरिएको छ। सञ्जेलको नेतृत्वमा बुधबार ११ जनाको कार्यसमिति सर्वसम्मत चयन गरिएको हो ।**

**उपाध्यक्षमा गौरी केसी, सचिवमा अन्जन सापकोटा, सहसचिवमा आशा दुलाल, कोषाध्यक्षमा सविता परियारलाई चयन गरिएको छ। यस्तै सदस्यमा जमुना थिङ, अनुप अधिकारी, अनोज बुढाथोकी, निकेश भण्डारी, पवित्रा विश्वकर्मा, अस्मिता तिल्सिनालाई चयन गरिएको छ। २८ वटा जिल्लामा उक्त संस्था विस्तार भइसकेको छ।**

## ब्याडमिन्टन संघको पुनर्गठन हुने

समाज संवाददाता

**हेटौँडाः मकवानपुर जिल्ला ब्याडमिन्टन संघको पुनर्गठन गरिने भएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समितिमा आगामी साउन २७ गते संघको पुनर्गठन हुने भएको हो ।**

**ब्याडमिन्टन संघको गतिविधिलाई अगाडि बढाउन जिल्ला समिति पुनर्गठन हुन लागेको संघका महासचिव ध्रुव भुजेलले जानकारी दिनुभयो । ब्याडमिन्टन खेलका खेलाडी तथा खेलप्रति इच्छुक व्यक्तिहरुको सहभागितामा संघको पुनर्गठन गरिने भुजेलल बताउनुभयो । संघ पुनर्गठन कार्यक्रममा उपस्थितिका लागि ब्याडमिन्टन खेलाडीलाई अनुरोध गरेको उहाँको भनाइ छ ।**

**जिल्ला खेलकुद विकास समितिले ब्याडमिन्टनलागायत अन्य खेलहरुलाई कसरी सही ढंगले अगाडि बढाउने, मकवानपुर जिल्लालाई कसरी खेलकुदमार्फत् चिनाउने, खेलाडीहरुलाई कसरी प्रशिक्षण दिने भन्नेबारेमा जिल्ला खेलकुद विकास समितिमा छलफल भएको छ । खेलकुद संघको वार्षिक कार्यक्रमअनुसार खेल संघहरुको सक्रियता बढाउने, रेफ्री कोर्ष तालिम सञ्चालन गर्ने, विभिन्न क्लब तथा संस्थाहरूमार्फत् खेलाडीहरुलाई खेल सामग्री सहयोग गर्ने विषयमा छलफल गरिएको थियो ।**

## बागमती गाउँपालिकामा व्यवसायी संघ गठन

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बागमती गाउँपालिकामा व्यापार व्यवसायी संघ गठन गरिएको छ। मंगलबार व्यवसायीको एक भेलाले संघको अध्यक्षमा चित्र बहादुर (उमेश) पुलामी सर्वसम्मत चयन हुनुभएको छ ।

पुलामीको अध्यक्षतामा १३ सदस्यीय व्यवसायी संघको कमिटी गठन गरिएको छ । संघको उपाध्यक्षमा गोकुल खड्का, सचिवमा प्रकाश रेग्मी, सह-सचिवमा सोनामसिंह घिसिङ र कोषाध्यक्षमा प्रमोद साह चयन हुनुभएको छ। केही सदस्यहरु पछि थप गरिने अध्यक्ष पुलामीले बताउनुभयो। कपडा व्यवसायी पुलामीले आफ्नो कार्यकालमा पालिकाभित्रका व्यवसायीका समस्यालाई समाधान गर्न आवश्यक पहल गर्ने बताउनुभयो। उहाँले सघंलाई नेपाल उद्योग वाणिज्य महासंघमा आवद्ध गराउने प्रतिवद्धता व्यक्त गर्नुभएको छ । बागमती गाउँपालिकामा करिब १ सय ५० हाराहारी दर्ता भएको व्यवसायी रहेको बताउनुभयो । नयाँ कार्यसमितिको कार्यकाल ५ वर्षको रहनेछ । पालिकाका ज्येष्ठ व्यवसायी धनपति तिमल्सिनाको सभाध्यक्षतामा भएको भेलामा पालिकाभित्रका व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

## आँपको सिजन सकिँदै, मूल्य बढ्दै

लक्ष्मण भोलन

हेटौँडाः असार पहिलो साता हेटौँडा बजारका सडकमा देखिने अधिकांश ठेला आँपले भरिएका हुन्थे । मधेश प्रदेशका विभिन्न जिल्लामा फलेका आँप यो वर्ष हेटौँडाका उपभोक्ताले सस्तोमै खान पाएका थिए। साउनको तेस्रो सातासम्म आइपुग्दा आँपको सिजन सकिनै लागेको संकेत दिनेगरी बजारका आँपले भरिएका ठेलाहरु हराएका छन् भने मूल्य पनि बढ्दै गएको छ ।

असार दोस्रो सातासम्म थोक बजारमा आँप प्रतिकेजी ४० रुपैयाँसम्म विक्री भइरहेको थियो भने अहिले आँपको मूल्य थोक बजारमा प्रतिकेजी १ सय १० रुपैयाँ पुगेको छ। अहिले नेपाली उत्पादन सकिएर भारतबाट आयात गरिएका आँप बजारमा देखिने गरेको छ। थोक बजारमा मालदह आँप प्रतिकेजी १ सय १० रुपैयाँ, दशहरी आँप प्रतिकेजी १ सय ३० र कालकत्ते आँप प्रतिकेजी ७० रुपैयाँमा विक्री भइरहेको छ। आँपको थोक मूल्य १ सय १० भएपनि उपभोक्ता मूल्य भने १ सय ८० रुपैयाँसम्म कायम गरिएको पाइएको छ । हेटौँडा-१, राप्तीबगरस्थित थोक तरकारी तथा फलफुल बजारका व्यवसायी सोनु बनियाँका अनुसार आँपको सिजन सकिन लागेको छ । भारतबाट ल्याउनु परेकोले आँपको मूल्य बढ्दै गएको बनियाँको भनाई छ । भारतबाट आयात हुने आँप आवश्यकताअनुसार ल्याउने गरेको बनियाँले बताउनुभयो ।



**घरमै सामाजिक सुरक्षा**: मकवानपुरको भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामा भीमफेदी-८, इपामा स्थानीय ज्येष्ठ नागरिकलाई घरमै पुगेर सामाजिक सुरक्षाभत्ता वितरण गर्नुहुँदै । बैंकसँगको सहकार्यमा गाउँपालिकाले लाभग्राहीको घर घरमै पुगेर सामाजिक सुरक्षाभत्ता वितरण गरेको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

स्वादिष्ट नेवारी खाजा






अब होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



" गुणस्तरीय शिक्षा चन्द्रोदय मा.वि.को इच्छा "
चन्द्रोदय माध्यमिक विद्यालय
हेटौडा-८, मकवानपुर
भर्ना खुल्यो !
यस शैक्षिक सत्रका लागि कक्षा ११ मा निम्न सङ्कायहरूमा भर्ना खुल्यो ।
शिक्षा सङ्कायतर्फ
ऐ.विषयहरू
• अङ्ग्रेजी शिक्षा
• नेपाली शिक्षा
• गणित शिक्षा
• स्वास्थ्य शिक्षा
• वातावरणीय शिक्षा
• शिक्षाका आधार
• बाल विकास तथा सिकाई
मानविकी सङ्कायतर्फ
ऐ.विषयहरू
• अङ्ग्रेजी
• नेपाली
• गणित
• ग्रामीण विकास
• समाजशास्त्र
• स्वास्थ्य
वाणिज्य सङ्कायतर्फ
ऐ.विषयहरू
• लेखाशास्त्र
• अर्थशास्त्र
• कम्प्युटर शिक्षा
• व्यवसायिक अध्ययन
भर्ना फारम धमाधम वितरण भइरहेको छ ।
विस्तृत जानकारीका लागि
९८५५०७२००१, ९८४५८००९७७, ९८४५४५५६१८

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ